# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, असार ३ गते २०५४ साल (अतिरिक्ताङ्क १३ (क)


## भाग ३

### निर्वाचन आयोगको सूचना

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ख) बमोजिम एक जना महिला सदस्य समेत १२ (बाह्र) जना राष्ट्रियसभा सदस्यहरूको निर्वाचनको लागि मिति २०५४।३।१३ को दिन हुने मतदानको प्रयोजनका लागि निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनको ऐन, २०४८ को दफा १९ को उपदफा (१) को प्रयोजनको लागि देहायबमोजिम मतपत्रको ढाँचा तोकेको छ :–

मतपत्रको ढाँचा

| | |
|---|---|
| राष्ट्रियसभा सदस्य निर्वाचन, २०५४<br><br>मतदाता क्रम संख्या ........ | मतदाताको सहीछाप |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मतपत्र राष्ट्रियसभा सदस्य निर्वाचन, २०५४

| उम्मेदवारको नाम र चिन्ह | मत संकेत स्थान (अङ्कमा जनाउने) |
|---|---|
| श्री | |
| श्री | |
| श्री | |
| श्री | |
| श्री | |

.................

निर्वाचन अधिकृतको सहीछाप

द्रष्टव्य:

१. उम्मेदवारको अन्तिम नामावली अनुसार कायम हुन आएको उम्मेदवारहरूको नाम थर र निर्वाचन चिन्ह समेत उल्लेख हुनेछ।

२. मतपत्रको सम्पूर्ण पृष्ठमा सानो अक्षरले हल्का पहेलो रङ्गमा निर्वाचन आयोग भन्ने शब्दहरू छापी अक्षर र अंकहरू सेतो पृष्ठभूमिमा कालो मसीले छाप्ने।

३. मतपत्रको परफोरेशन गरेको रेखा माथि माथिल्लो अधकट्टी र परफोरेशन रेखा तल मुख्य भाग गरी दुई भाग रहनेछन्।

४. मतपत्रमा सर्वप्रथम उम्मेदवारको नाम र थर त्यसपछि उम्मेदवारको चिन्ह त्यसपछि दायाँतर्फ मतसंकेत गर्ने कोठा रहनेछ।

५. मतपत्रको पुछारमा निर्वाचन अधिकृतले सही गर्ने ठाउँ रहनेछ।

६. मतपत्रको चौडाई १२ से. मि. हुनेछ। उम्मेदवारको चिन्ह र नामको लागि कोठाको लम्बाई ७ से. मि. चौडाई १ से. मि. को कोठाको र मत संकेत गर्ने कोठाको लम्बाई ३ से. मि. चौडाई १ से. मि. हुनेछ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित